# न्यु योर्क सहर पुनः खुल्दै:
# रियल एस्टेट सेवाहरूले के जान्न आवश्यक छ

अब न्यु योर्क सहर (एनवाइसि) ले दोस्रो चरण को पुनः खुला हुने गरी सामुदायिक स्वास्थ्य कोशेढुङ्गाहरू पूरा गरिसकेपछि, **रियल एस्टेट सेवाहरू** पुनः शुरू गर्न सक्छन्। नयाँ पुनः खुल्ने रियल एस्टेट सेवाहरू र अत्यावश्यक व्यवसायका रूपमा हाल सञ्चालन भैरहेका रियल एस्टेट सेवाहरूले नयाँ आदेशहरूको पालना गर्नु पर्नेछ।

पुनः खुल्ने बारेमा प्रमुख प्रश्नहरूको उत्तरका लागि कृपया "Reopening New York City: Frequently Asked Questions" (न्यु योर्क सहर पुनः खुल्ने: बारम्बार सोधिने प्रश्नहरू) पढ्नुहोस्। सम्पूर्ण प्रश्नहरू आवासीय सम्पत्तिका विषयमा सान्दर्भिक नहुन सक्छन्, तर यसले तपाईंलाई नयाँ आवश्यकताहरू कार्यान्वयन गर्न मद्दत गर्छ भन्ने आशा हाम्रो रहेको छ। एनवाइसि स्वास्थ्य तथा मानसिक स्वास्थ्यको कोभिड-१९ व्यवसाय पृष्ठमा कोभिड-१९ सामुदायिक स्वास्थ्य आपातकालका बेला सञ्चालनहरू पुनः खुल्न र कायम राख्नका लागि अतिरिक्त जानकारीहरू र औजारहरू रहेका छन्।

अपडेटहरूका लागि nyc.gov/health/coronavirusमा क्लिक गर्नुहोस्। हामीले कोभिड-१९ तथा प्रसारण न्यूनीकरण गर्ने र न्यु योर्कवासीहरूलाई सुरक्षित राख्ने सर्वोत्तम विधिका बारेमा बढी जान्दै गर्दा, सहर र राज्यका आवश्यकताहरू परिवर्तन हुन सक्छन्।

## कोभिड-१९ को प्रसारण रोकथामका लागि लिइने चारवटा प्रमुख कार्यहरू सम्झिनुहोस्:

- **बिरामी भए घरमै बस्नुहोस्:** अत्यावश्यक मेडिकल स्याहार (कोभिड-१९ परीक्षण गराउन सहित) वा अन्य अत्यावश्यक दैनिकीहरूमा बाहिरिने स्थितिमा बारेक बिरामी हुँदा घरमै बस्नुहोस्।
- **शारीरिक पृथकीकरण:** अन्य मानिसहरूबाट कम्तीमा ६ फिटको दूरीमा रहनुहोस्।
- **अनुहारको आवरण लगाउनुहोस्:** आफू वरिपरिकालाई सुरक्षित राख्नुहोस्। तपाईं लक्षणहरू बिनै सङ्क्रामक हुन सक्नुहुन्छ र तपाईंले खोक्दा, हाँछ्यूँ गर्दा वा कुरा गर्दा रोग फैलाउन सक्नुहुन्छ। अनुहारको आवरणले कोभिड-१९ को प्रसारण रोक्नका लागि मद्दत गर्दछ।
- **हातको स्वस्थ सरसफाई अभ्यास गर्नुहोस्:** आफ्ना हातहरू बारम्बार साबुन पानीले धुनुहोस् र साबुन र पानी उपलब्ध नभए अल्कोहल आधारित हाते स्यानिटाइजर प्रयोग गर्नुहोस्; बारम्बार छोइने सतहहरूको नियमित सफाई गर्नुहोस्; नधोएका हातहरूले आफ्नो अनुहार छुनबाट बच्नुहोस्; खोक्दा वा हाछ्यूँ गर्दा आफ्नो बाहुलाले छोप्नुहोस्, हातले होइन।

तपाईंले तलका कदमहरू पालना गरेपछि आफ्नो कार्यस्थल पुनः खोल्न सक्ने भए तापनि, कोभिड-१९ को प्रसारण न्यूनीकरण गर्ने र कर्मचारीहरूलाई सुरक्षित राख्ने सबैभन्दा राम्रो तरिका सम्भव भएसम्म घरबाटै गर्ने

कामलाई निरन्तरता दिनु हो। हामीले मिलेर न्यु योर्क सहरमा कोभिड-१९ को प्रसारण न्यूनीकरण गर्न सक्छौँ।

## कानुनी रूपमा मेरो व्यवसाय पुनः खुला गर्नका लागि मैले के गर्नु पर्छ?

**तपाईँले पुन: खोल्नु अघिका आवश्यक कदमहरू**

- एउटा सुरक्षा योजना विकसित गर्नुहोस् र आफ्नो कार्यस्थलमा पोस्ट गर्नुहोस्।
- न्यु योर्क राज्य (एनवाइएस) मार्गदर्शनहरू पढ्नुहोस् र अनुपालनको प्रतिबद्धता जनाउनुहोस्। आफूले राज्यले जारी गरेको उद्योग मार्गदर्शनहरू समीक्षा गरेको तथा बुझेको र आफूले तिनको कार्यान्वयन गर्ने प्रतिबद्धता गर्न राज्यले तपाईँलाई आवश्यक गरेको छ। तपाईँले प्रतिक्षापालन फाराम भर्न सक्नुहुन्छ forms.ny.gov/s3/ny-forward-affirmation।

**एनवाइसि स्वास्थ्य विभागले परिस्थितिहरू विकसित हुँदै जाँदा सिफारिसहरू परिवर्तन गर्न सक्नेछ।** 8.17.20